# 'क्रसर उद्योग सञ्चालनमा देखिएको समस्या छिट्टै समाधान हुन्छ'

■ आर्थिक संवाददाता
काठमाडौं, माघ ५

सहरी विकासमन्त्री विक्रम पाण्डेले क्रसर उद्योग सञ्चालनमा देखिएको समस्या चाँडै समाधान हुने बताएका छन् । निर्माण उद्योगमा देखिएको समस्याबारे आफू जानकार रहेको बताउँदै उनले यस उद्योगमा देखिएको समस्या समाधान गर्ने विषयमा मन्त्रिपरिषद्मा सकारात्मक छलफल भएको जानकारी दिए ।



नेपाल निर्माण व्यवसायी महासंघको प्रतिनिधिमण्डलसँगको बिहीबार भएको भेटमा मन्त्री पाण्डेले गैरकानुनी तरिकाले क्रसर सञ्चालन गर्ने केही व्यक्तिका कारण नियमसंगत तरिकाले उद्योग सञ्चालन गर्ने समेत मारमा परेको बताए । निर्माण व्यवसायीहरूलाई कुनै गल्ती नगरी निर्भीक भएर काम गर्ने वातावरण बनाउने प्रतिबद्धता पनि उनले जनाएका थिए । महासंघका अध्यक्ष रवि सिंहले क्रसर उद्योग सञ्चालनमा देखिएको अवरोधका कारण निर्माण कार्य प्रायः ठप्प भएको जानकारी दिए । निर्माण उद्योगबारे जानकार व्यक्तिले सहरी विकास मन्त्रालय सम्हाल्दा आफूहरूलाई खुसी लागेको अध्यक्ष सिंहले बताए । पर्याप्त बजेट नछुट्याई ठेक्का लगाउँदा निर्माण उद्योगमा धेरै समस्या देखिएको भन्दै अध्यक्ष सिंहले बजेट छुट्याएर मात्र ठेक्का लगाउन मन्त्री पाण्डेको ध्यानाकर्षण गराए । महासंघ प्रतिनिधिमण्डलमा वरिष्ठ उपाध्यक्ष आङ दोर्जी लामा (एडी), महासचिव रोशन दाहाल, महासंघका कार्यालय प्रमुख प्रेम सिंह ऐर र उपनिर्देशक आसित अधिकारी सहभागी थिए ।

# 'अर्थतन्त्रलाई सही बाटो तर्फ लैजान सहकार्य जरुरी'

■ आर्थिक संवाददाता
काठमाडौं माघ ५

नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष राजेन्द्र मल्लले आत्मनिर्भर अर्थतन्त्र निर्माण अभियानमा इकोनोमिक मिडिया र निजी क्षेत्रको सहकार्य आवश्यक रहेको बताएका छन् । निजी क्षेत्र र इकोनोमिक मिडिया एउटै बास्केटमा रहेकोले निजी क्षेत्रका भनाइहरूलाई जनमानसमा पुऱ्याउन इकोनोमिक मिडियाहरूले अहं भूमिका खेलेको उनले बताए ।

इकोनोमिक मिडिया सोसाइटी नेपालका नवनिर्वाचित कार्यसमितिको सम्मानमा चेम्बरद्वारा आयोजित कार्यक्रममा अध्यक्ष मल्लले सरकारले प्रतिबद्धता गरेका कतिपय सुविधाहरू व्यवहारमा लागू गर्न नसकेको उल्लेख गर्दै उक्त प्रतिबद्धताहरूलाई प्रभावकारी कार्यान्वयनका लागि सम्बन्धित पक्षलाई घचघच्याउन मिडियाको भूमिका अपरिहार्य रहेको बताए । सोही अवसरमा इकोनोमिक




मिडिया सोसाइटी नेपालका अध्यक्ष रामराजा श्रेष्ठले आर्थिक नीति निर्माणमा पैरवी गर्ने, आर्थिक मन्दीका सन्दर्भमा निजी क्षेत्रसँग समन्वय गर्ने र निजी क्षेत्रका चुनौतीहरूलाई सम्प्रेषण गर्ने उद्देश्यले यस संस्थाको स्थापना भएको बताए । संस्थाको भूमिकामा केही कमजोरी भए सुझाव दिन पनि उनले आग्रह गरे ।

# नि:शुल्क विशिष्टीकृत न्युरो मेडिसिन सेवा सुरु

■ आर्थिक संवाददाता
चितवन, माघ ५

कलेज अफ मेडिकल साइन्सेस शिक्षण अस्पताल (पुरानो मेडिकल कलेज) भरतपुरले नि:शुल्क न्यूरो मेडिसिन सेवा सुरू गरेको छ । अस्पतालले विशिष्टीकृत सेवा विस्तार गर्ने क्रममा ओपीडी टिकट नि:शुल्क गरेर न्युरो मेडिसिन सेवा सुरू गरेको हो । यस विभागमा उपचार गर्न आउने बिरामीका लागि प्रयोगशाला (ल्याब) र रेडियोलोजी सेवामा ५० प्रतिशत छुट दिइएको अस्पतालले जनाएको छ ।



भारतको एम्सबाट डीएम गरेका न्युरोलोजिष्ट प्रा.डा. अभयकान्त तिवारी आएसँगै अस्पतालले यो सेवा सुरू गरेको हो । प्रा.डा. तिवारीसँग ३५ वर्ष लामो अनुभव रहेको छ । अस्पतालमा लामो समयदेखि न्यूरो मेडिसिन सेवा पूर्ण रूपमा सञ्चालन हुनसकेको थिएन । यसैगरी उपप्राध्यापक डा. प्रवेश पन्तले पनि सोही विभागबाट सेवा दिँदै अएका छन् । डीएम अध्ययनरत पन्त र प्रा.डा. तिवारीले न्यूरो मेडिसिन विभागका सम्पूर्ण उपचार सेवा दिँदै आएको अस्पतालले जनाएको छ । अस्पतालबाट अब नशाका विभिन्न समस्याहरूको उपचार हुनेछ । टाउको दुख्ने, माइग्रेन, हातखुट्टा झम्झमाउने, हातखुट्टा बाउडिने, हातखुट्टा पोल्ने, उठ्न बस्न गाह्रो हुने, प्यारालाइसिस, छारेरोग, स्मरण शक्तिमा कमी, पार्किन्सन्स, नशा च्यापिएको लगायत नशासम्बन्धी सम्पूर्ण समस्याको उपचार हुने न्यूरो मेडिसिन विभागका प्रमुख समेत रहेका प्रा.डा. तिवारीले बताए ।

विश्वमा न्यूरो मेडिसिनअन्तर्गत धेरै बिरामी हुने गरेको बताउँदै प्रा.डा. तिवारीले भने, 'कतिपय बिरामीलाई आफूलाई भएको समस्या न्युरोलोजिष्टकोमा जानुपर्छ भन्ने ज्ञान पनि छैन ।' आकस्मिक कक्षमा पनि न्युरो मेडिसिनका बिरामी आउने गरेको उनको भनाइ छ । प्यारालाइसिसको समस्या धेरै आउने गरेको भन्दै प्रा.डा. तिवारीले २० वर्ष अघिसम्म यस्ता बिरामीको कुनै उपचार नहुने गरेको जानकारी दिए । उनका अनुसार अहिले प्यारालाइसिस भएका बिरामी समयमा अस्पताल आइपुगेमा पूरै निको हुन्छ । प्यारालाइसिस उपचारमा निकै ठूलो प्रगति भएको उनको भनाइ छ । प्यारालाइसिस भएको लामो समयपछि उपचारमा आउनेहरूको पनि ५० देखि ६० प्रतिशत निको हुने गरेको उनले बताए ।

यसैगरी २० प्रतिशत मानिसहरूलाई टाउको दुख्ने समस्या हुने गरेको भन्दै उनले १० प्रतिशतलाई दैनिक कामलाई असर गर्ने गरी टाउको दु:खाइ हुने गरेको जानकारी दिए । सामान्य र गम्भीर प्रकृतिको टाउको दुखाइको पनि उपचार हुने र आफूहरूले निको बनाउने प्रा.डा.तिवारीले बताए । ब्रेन इन्फेक्सन पनि अर्को समस्याका रूपमा आउने गरेको छ । उनका अनुसार ब्रेनमा ट्यूमर, ब्रेन ह्यामरेज, भाइरल इन्फेक्सनजस्ता समस्याको पनि समयमा उपचार गरेमा निको पार्न सकिन्छ । उपप्राध्यापक डा. प्रवेश पन्तले अस्पतालमा पक्षघातका बिरामीहरू चारदेखि पाँच घण्टामा आइपुगेमा तुरून्त उपचार गरेर बिरामी दुई/तीन दिनमा निको बनाउन सकिने बताए । यस्तै मेनेन्जाइटिस, इन्सेफ्लाइटिस, पक्षघात हुने लक्षणहरू, काम्ने रोग, भुल्ने (अल्जाइमर), हातखुट्टा काप्ने, हातखुट्टा झम्झमाउने, पोल्नेलगायतका सम्पूर्ण नशासम्बन्धी रोगहरूको उपचार अस्पतालबाट हुँदै आएको डा.पन्तले जानकारी दिए ।

निकट भविष्यमै इलेक्ट्रिकल करेन्टको माध्यमबाट नसाको रोग पत्ता लगाउने प्रविधि पनि सुरू गर्दै गरेको डा. पन्तले बताए । मांसपेशी सम्बन्धी रोगहरू (एएमजी) विस्तारै सुरू गर्ने तयारी गरिएको छ । हाल टाउकोको मृगी रोग, छारेरोगका लागि ईईजी सेवा सञ्चालनमा रहेको उनले जानकारी दिए । यस्तै शरीरको प्रतिरोधात्मक क्षमताले गर्दा नशालाई असर पार्ने रोगहरूको पनि उपचार हुँदै आएको उपप्राध्यापक डा. पन्तले बताए ।

# डीएभी कलेजले फुटसल प्रतियोगिता आयोजना गर्ने

काठमाडौं, माघ ५ । ललितपुरको जावलाखेलमा अवस्थित डीएभी कलेजले ठूलो धन राशीको कलेजस्तरीय चौथो फुटसल प्रतियोगिता आयोजना गर्ने भएको छ । कलेजका एकेडेमिक डाइरेक्टर सुमन बस्नेतका अनुसार गत वर्षको पुरस्कार राशीमा वृद्धि गरी विजेता टिमलाई तीन लाख रूपैयाँ नगद, ट्रफी र प्रमाणपत्र तथा उपविजेता टिमलाई दुई लाख रूपैयाँ नगद, ट्रफी र प्रमाणपत्रले पुरस्कृत गरिनेछ । साथै उत्कृष्ट खेलाडी, गोलरक्षक र उच्च गोलकर्तालाई पनि व्यक्तिगत ट्रफी र नगद पुरस्कारले पुरस्कृत गरिने कलेजले उल्लेख गरेको छ । यही माघ २० गतेदेखि २२ गतेसम्म ऐतिहासिक रूपमा सञ्चालन हुने सो प्रतियोगितामा पहिला दर्ता हुन आउने ३२ टिमलाई मात्र सहभागी गराइने कलेजले जानकारी गराएको छ ।

# नेपाली ज्वेलर काजलको हङकङमा फ्ल्यागसिप स्टोर

काठमाडौं, माघ ५ । नेपाली ज्वेलर काजल नैनाको हङकङमा पहिलो फ्ल्यागसिप स्टोर सञ्चालनमा आएको छ । हङकङकी नेपाली डिजाइनर काजल नैनाले चार वर्षदेखि अनलाइन फर्स्ट ज्वेलरी व्यवसाय गरेपछि हार्बर सिटीको ओसियन ग्यालरीमा आफ्नो पहिलो फिजिकल स्टोर खोलेकी हुन् ।

नेपाल, अस्ट्रेलिया, बेलायत र सिंगापुरलगायत बजारमा अनलाइन र स्टोरमार्फत बिक्री हुने छानिएका वस्तुहरूले नैनाका सिर्जनाहरु विश्वव्यापी रूपमा लोकप्रिय भएका छन । न्युयोर्क सहरमा फ्लाइङ सोलो मार्चबाट ब्रान्ड स्टक गर्न यस वर्षको अन्त्यतिर काठमाडौंको लागि दोस्रो स्ट्यान्डअलोन स्टोरको योजना बनाइएको छ । फ्ल्यागसिप स्टोरले ब्रान्ड र ग्राहकबीच सुमधर सम्बन्ध कायम गर्ने अपेक्षा छ । ग्राहकहरूले आकर्षक डिजाइन गरिएका सामग्रीहरू यसमार्फत छनौट गर्न सक्नेछन् । नैना भन्छिन्, 'गहना बनाउनु मेरो लागि कथा भन्ने एउटा तरिका हो । जस्तै, हामी सधैँ गहनाहरूलाई जीवन्त बनाउने आफ्नो मिसनमा जारी राख्नेछौँ जसले पहिरनकर्तालाई उनीहरूको कथाहरु, आशाहरु र सपनाहरूसँग जोड्छ ।'

मंगलसूत्र नाम दिइएको उनको पहिलो संग्रह भारतीय र नेपाली संस्कृतिको परम्परागत गहना हो, जसलाई उनले जीवनलाई सकारात्मक ऊर्जा र नयाँ अर्थ दिने आधुनिक कथनको रूपमा पुनर्व्याख्या गरेकी छिन् । ब्रान्डले ३० देखि ५५ वर्ष उमेर समूहका एक सुरूचिपूर्ण र समृद्ध मुख्यतया महिला जनसांख्यिकीयलाई लक्षित गर्दछ, जो आधुनिक, परिष्कृत, स्वतन्त्र, भावुक र स्वास्थ्य-सचेत छन् ।

## रामेछाप नगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
**रामेछाप बजार, रामेछाप**
**बागमती प्रदेश, नेपाल**

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**(सूचना प्रकाशित मिति : २०७९/१०/०६)**

यस कार्यालयबाट तपशिल बमोजिमको कार्यका लागि प्रकाशित सूचना बमोजिम दर्ता हुन आएका बोलपत्रहरुको आर्थिक तथा प्राविधिक मुल्यांकन हुँदा तपशिल अनुसारको बोलपत्रदाताले पेश गरेको बोलपत्र सारभूत रुपमा प्रभावग्राही तथा न्युनतम मुल्यांकित समेत भएकोले सार्बजनिक खरिद ऐन ,२०६३ को दफा २७ को उपदफा २ एवम दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| सि.नं. | बोलपत्रको नम्वर र कामको विवरण | बोलपत्र दाताको नाम र ठेगाना | कबोल अंक रु.(मु.अ.कर सहित) | सूचना प्रकाशित पत्रिका र मिति |
|---|---|---|---|---|
| १ | RM/14/079-080, Construction of Lampate Lift water supply project Ramechhap Municipality -6 | पुण्य नुरा कन्स्ट्रक्सन प्रा.लि., खाँडादेवी, रामेछाप | ७१,०९,०५६.८२ | २०७९/०९/०४, द काठमाडौं पोस्ट |

**प्रमुख प्रशासकीय अधिकृत**

## Katari Municipality
**Office of Municipal Executive**
**Province 1, Nepal**

### Letter of Intent to Award the Contract

**Date of publication: 20th January, 2023 (2079/10/06)**

This is to notify all the concerned bidders that it is our intention to award the contract to the following bidder selected as substantially responsive lowest evaluated bid for the execution of given works under Contract ID given below:

| S. N | Contract ID | Description of work | Name and Address of Successful Bidder | Bid Price including VAT and PS (NRs) |
|---|---|---|---|---|
| 1 | KM/Udaypur/W/NCB/05/079/80 | Construction of Katari Municipality Administrative Building | M/S Bhusnamachha / Prime / Beltar JV, Kathmandu | 5,48,84,419.36 |

This notice is published as per PPA 2063 clause 27.2 & 27.3.

**Chief Administrative Officer**

## हरिहरपुरगढी गाउँपालिका
**गाउँ कार्यपालिकाको कार्यालय**
**झनझने, सिन्धुली**
**बागमती प्रदेश, नेपाल**

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**सूचना प्रकाशन मितिः २०७९/१०/०६**

हरिहरपुरगढी गाउँ कार्यपालिकाको मिति २०७९।०९।०३ गते प्रकाशित पर्ता भित्रि जमुने ढाँडखोला डाईभर्सन जलाशय पोखरि (ठेक्का नं. ०९/२०७९/८०), वडा नं. १ को कुँडुले फाँट बस्तिपुर नदि नियन्त्रण (ठेक्का नं.१०/२०७९/८०) र वडा नं. २ को रतनपुर चैनपुर झनझने श्रीपुर वागमति नदी नियन्त्रण (ठेक्का नं.११/२०७९/८०) कार्यहरुको लागि बोलपत्र आह्वानको सूचना भए अनुसार तोकिएको समयावधि भित्र ठेक्का नं. ०९/२०७९/८०, १०/२०७९/८० र ११/२०७९/८० को लागि क्रमशः २ (दुई), २ (दुई), र १ (एक) वटा बोलपत्रदाताहरुले बोलपत्र पेश गरेको तथा मिति २०७९।१०।०५ गते बसेको गाउँपालिकाको मूल्याकंन समितिको सिफारिस साथै यस कार्यालयको मिति २०७९/१०/०५ को निर्णयानुसार तपसिलमा उल्लेखित बोलपत्रहरु न्युनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) बमोजिम सम्वन्धित सवैलाई जानकारी गराईन्छ ।

**तपसिल**

| ठेक्का नं | कामको विवरण | आपूर्तिककर्ताको नाम/ठेगाना | कबोल अंक (भ्याट सहित) | कैफियत |
|---|---|---|---|---|
| ०९/२०७९/८० | पर्ता भित्रि जमुने ढाँडखोला डाईभर्सन जलाशय पोखरि | हिमज्योति निर्माण सेवा., चन्द्रपुर न.पा.-२, रौतहट | रु.५०,६३,१९२।५५ | |
| १०/२०७९/८० | वडा नं. १ को कुँडुले फाँट वस्तिपुर नदि नियन्त्रण | संजोग कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि., क.न.पा.-६, सिन्धुली | रु.५२,३४,९०२।८० | |
| ११/२०७९/८० | वडा नं. २ को रतनपुर चैनपुर झनझने श्रीपुर वागमति नदी नियन्त्रण | संजोग कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि., क.न.पा.-६, सिन्धुली | रु.२५,६०,१२५।०० | |

**प्रमुख प्रशासकीय अधिकृत**